**IMPACT OF WORLD TRADE ORGANISATION AGREEMENTS ON NEPALESE TEA TRADE AND MARKET DYNAMICS**

## ABSTRACT


Name: Gaurab Luitel
Id. no.: R-2022-AEC-B-01-P
Date of first registration: 2022-9-13
Degree: Doctor of Philosophy in Agriculture
Major subject: Agricultural Economics
Department: Agricultural Economics
Major advisor: Hari Krishna Panta, PhD



Nepal’s accession to the World Trade Organization (WTO) marked an important shift in the trading environment of Nepal, particularly in the high-value agricultural products like tea. Being a small agrarian economy, Nepal faced unique challenges in translating the multilateral trade commitments into sectoral growth and competitiveness. This research examined how WTO membership influenced the performance of Nepalese tea industry by analysing the trade commitments, growth pattern, structural characteristics and competitiveness. The research had four specific objectives. First, to evaluate Nepal's WTO commitments and compliance in the tea sector. Second, to assess the change in growth of tea sector after Nepal’s membership with the WTO. Third, to examine the structural characteristics and market dynamics of Nepalese tea in the post-WTO period. Finally, to evaluate the competitiveness of Nepalese tea with particular focus on the role of certification. To achieve these objectives, the study primarily used a quantitative approach using the combination of time-series secondary data and industry-level primary data, followed by a policy and documents review. The growth rate estimation, log-linear trend model, structural break analysis and a gravity model-based econometric analysis were done using secondary data on plantation, production and exports. An industrial census of tea processing units in Jhapa and Ilam districts was done to collect primary data for analysing the cost-based competitiveness indicators, profitability analysis and one-way analysis of variance. The results indicate that Nepal largely fulfilled its WTO commitments in the agricultural sector in terms of market access, domestic support and export competition. However, the policy space that is available under these commitments has not been fully utilized. The growth analysis shows that there was rapid expansion in the tea plantation area and production during the pre-WTO years. While the plantation and production growth slowed in the post-WTO period, there was an improvement in export performance. The structural break analysis confirms the significant increase in tea exports after WTO accession. However, the gravity model estimates showed that WTO membership alone did not significantly explain the export growth after controlling for variables like economic size, geographic proximity and bilateral trade agreement with India. Furthermore, the study showed that the Nepalese tea industry is structurally divided into two segments. While the crush-tear-curl segment is domestic market-based and mostly estate-based, the orthodox segment is export-oriented and smallholder-based. The competitive analysis showed that it is less likely that Nepalese tea can compete with major tea-producing countries in terms of cost and volume. However, it has a comparative advantage in terms of quality differentiation, particularly in orthodox tea. Certification increases the price realisation and market access but imposes additional cost burdens as well. The economic benefits of the certification vary across certification types and size of firms. Overall, the findings suggest that WTO membership has created a favourable institutional framework for Nepal's tea sector, but its potential benefits have been constrained by underutilization of available policy space, structural limitations and heavy dependence on Indian market. The study highlights the need for targeted domestic policies that complement WTO commitments to achieve sustainable growth and competitiveness.

# शोध-सार


नामः गौरव लुइँटेल
रोल नं.: आर-२०२२-एइसी-बि-०१-पी
प्रथम सत्र मितिः वि.सं. २०७९ भाद्र २८
उपाधिः विद्यावारिधि (कृषि)
मुख्य विषयः कृषि अर्थशास्त्र
विभागः कृषि अर्थशास्त्र
मुख्य सल्लाहकारः डा. हरिकृष्ण पन्त



नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरेपछि देशको व्यापारिक वातावरणमा महत्वपूर्ण परिवर्तन आएको छ । विशेषगरी चिया जस्ता उच्च मूल्यका कृषि उपजहरूमा यसको असर देख्न सकिन्छ । कृषिमा आधारित सानो अर्थतन्त्र भएको हुँदा बहुपक्षीय व्यापार प्रतिबद्धतालाई क्षेत्रीय आर्थिक वृद्धि र प्रतिस्पर्धात्मकतामा रूपान्तरण गर्नु नेपालका लागि चुनौतीपूर्ण रहेको छ । यस अनुसन्धानले विश्व व्यापार संगठनको सदस्यताले नेपाली चिया उद्योगमा कस्तो प्रभाव पारेको छ भन्ने विषयमा व्यापार प्रतिबद्धता, वृद्धि प्रवृत्ति र प्रतिस्पर्धात्मकताको विश्लेषण गरी अध्ययन गरिएको छ । यस अनुसन्धानका चारवटा विशिष्ट उद्देश्यहरू रहेका छन् । पहिलो, कृषि क्षेत्रमा नेपालले विश्व व्यापार संगठनमा गरेको प्रतिबद्धताको विश्लेषण तथा चिया क्षेत्रमा त्यसको पालना सम्बन्धी मूल्याङ्कन गर्ने । दोश्रो, विश्व व्यापार संगठनको सदस्यताले चिया उत्पादन र व्यापारमा पारेको प्रभाव विश्लेषण गर्ने । तेस्रो, सदस्यता लिएपछिको अवधिमा नेपाली चिया उद्योगको संरचनात्मक अवस्था र बजारको गतिशीलता अध्ययन गर्ने । अन्त्यमा, नेपाली चियाको प्रतिस्पर्धात्मकताको मूल्याङ्कन गर्दै यसमा प्रमाणीकरणको भूमिका बारे अध्ययन गर्ने । यी उद्देश्यहरू प्राप्त गर्न अध्ययनले मुख्य रूपमा परिमाणात्मक विश्लेषण विधि अपनाएको छ । यसअन्तर्गत समय-श्रृङ्खलामा आधारित द्वितीयक तथ्याङ्क र उद्योगस्तरको प्राथमिक तथ्याङ्कको प्रयोग गरिएको छ। साथै, नीति तथा दस्तावेजहरूको समीक्षा पनि गरिएको छ । चियाको रोपण क्षेत्रफल, उत्पादन र निर्यातसम्बन्धी द्वितीयक तथ्याङ्क प्रयोग गरी वृद्धि दर आँकलन, लग-लिनियर प्रवृत्ति मोडेल, स्ट्रक्चरल ब्रेक तथा ग्रेभिटी मोडेलमा आधारित इकोनोमेट्रिक विश्लेषण गरिएको छ । झापा र इलाम जिल्लामा सञ्चालनमा रहेका सबै चिया प्रशोधन केन्द्रहरूको औद्योगिक गणना गरी लागतमा आधारित प्रतिस्पर्धात्मक सूचक, नाफा विश्लेषण तथा एक-तर्फी एनोभा विश्लेषणका लागि प्राथमिक तथ्याङ्क प्रयोग गरियो । नेपालले बजार पहुँच, वित्तीय सहयोग तथा निर्यात प्रतिस्पर्धा सम्बन्धी विश्व व्यापार संगठनको कृषि क्षेत्रका प्रतिबद्धताहरू समग्रमा पूरा गरेको अध्ययनले देखाउँछ। तर यी प्रतिबद्धता अन्तर्गत उपलब्ध नीतिगत लचकताको नेपालले पूर्णरुपमा उपयोग गर्न सकेको छैन । त्यसैगरी, संगठनको सदस्यता लिनुभन्दा अघिको अवधिमा नेपालमा चियाको रोपण क्षेत्रफल र उत्पादनमा तीव्र वृद्धि भएको देखिन्छ । तर सदस्यता लिएपछिको अवधिमा चिया रोपण तथा उत्पादनको वृद्धि दर सुस्त भएता पनि निर्यातमा भने वृद्धि भएको देखिन्छ । स्ट्रक्चरल ब्रेक विश्लेषणले पनि सदस्यतापछि चिया निर्यातमा उल्लेखनीय वृद्धि भएको पुष्टि गर्दछ। तर ग्रेभिटी मोडेलमा आधारित विश्लेषणले कुल ग्राहस्थ उत्पादन, भौगोलिक निकटता र भारतसँगको द्विपक्षीय व्यापार सम्झौता जस्ता कारकहरू नियन्त्रण गर्दा विश्व व्यापार संगठनको सदस्यता मात्रैले सांख्यिकीय रूपमा चियाको निर्यात वृद्धिलाई व्याख्या गर्न सक्दैन भन्ने देखाउँछ । त्यसैगरी, अध्ययनले नेपाली चिया उद्योगमा दुईवटा भिन्नाभिन्नै उत्पादन प्रणाली रहेको देखिन्छ । ठूला चिया बगानमा आधारित सिटिसी चिया मुख्यरुपमा घरेलु बजारमा केन्द्रित छ भने निर्यातमुखी अर्थोडक्स चिया साना किसानहरूमा आधारित रहेको छ । लागत र उत्पादन परिमाणका आधारमा नेपाली चियाले प्रमुख चिया उत्पादक देशहरूसँग प्रतिस्पर्धा गर्न निकै गाह्रो रहेको अध्ययनले देखाउँछ । तर गुणस्तरका आधारमा भने अर्थोडक्स चियाको तुलनात्मक लाभ उच्च रहेको देखिन्छ । प्रमाणीकरणले मूल्य र बजार पहुँचमा सुधार ल्याए पनि अतिरिक्त लागतको थप भार सिर्जना गरेको छ भने प्रमाणीकरणको प्रकार र उद्योगको आकारअनुसार यसको आर्थिक लाभ फरक-फरक पर्दछ । समग्रमा, यस अध्ययनका निष्कर्षहरूले के संकेत गर्छन् भने विश्व व्यापार संगठनको सदस्यताले नेपालको चिया क्षेत्रका लागि एक अनुकूल संस्थागत संरचना त तयार गर्‍यो तर सो अनुरुप उपलब्ध नीतिगत स्पेसको कम उपयोग, संरचनात्मक सीमितता र भारतीय बजारमा अत्याधिक निर्भरताका कारण यसका सम्भावित लाभहरू भने प्राप्त हुन सकेनन् । चियाको दिगो विकास र प्रतिस्पर्धात्मकता हासिल गर्न अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप स्वदेशी उत्पादक-मैत्री नीतिहरू बनाउन आवश्यक रहेको तथ्यलाई यस अध्ययनले उजागर गरेको छ ।